**मिति २०७९ माघ ६ गते शुक्रबार (वि.सं.२०७९।१०।६) तुलसीपुर उपमहानगरपालिकाको सातौं नगरकार्यपालिका बैठका निर्णयहरु :**

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिकाको पक्कि घरको अभिलेखिकरण र व्यवसाय दर्ताको समय सिमा निर्धारण गरि आगामी नगरकार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न आर्थिक बिकास समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब.का करका दरबन्दि र दायराहरुमा केहि संशोधन गर्नु पर्ने भएको अवस्थामा सोको खाका तयार गरी आगामि नगरकार्यपालिका बैठकमा पेश गर्न आर्थिक बिकास समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिकामा रहेका सबै बिषयगत समितिहरुले २०७९ श्रावण देखि हाल सम्मको कार्यप्रगति प्रतिवेदन तयार गरी आगामी नगसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.२०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनमा(लिजा) प्राप्ताङ्क ७८.५ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३